

# ९ बाइबलमा भएका वाझिएका अंशहरु

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** लूका १६:१९-३१, २३:४३, यूहन्ना २०:१७, फिलिप्पी १:२१-२४, १ पत्रुस ३:१३-२० र प्रकाश ६:९-११।

***यस अध्यायको मूल सार पद:*** **"तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्।" यूहन्ना ५:३९।**

पत्रुसले हामीलाई यो सजग गराएका छन "ख्रीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर। तिमीहरूमा भएका आशाको विषय कसैले सोधपूछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर।" १ पत्रुस ३:१५। यसमा पावलले थप्दछन्, "वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नचुक। किनकि यस्तो समय आउँदैछ, जब तिनीहरू ठीक शिक्षालाई नसहने हुनेछन्, तर आफूलाई मन परेका कुरा मात्र सुन्न चाहनेछन् र आफ्नो रुचिअनुसार शिक्षकहरू थुपार्नेछन्, र सत्य कुरा सुन्नदेखि तर्किजानेछन्, दन्त्यकथाहरूतिर बरालिनेछन्। तिमीचाहिँ दह्रिला होऊ। कष्ट भोग, प्रचारकको काम गर, र तिम्रो सेवाको काम पूरा गर।" २ तिमोथी ४:२-५। त्यसको अर्थ जब हामी बाइबल पढ्छौं तब हाम्रो विश्वाससँग तालमेल भएका व्याख्या गर्न सक्ने भागहरूमात्र होइन अरूहरूले हाम्रो शिक्षाभन्दा बाइबलबाटै फरक शिक्षा सिकाउने भागहरूमा पनि हामीले ध्यान दिनुपर्दछ। जब हामी यो गर्छौं तब हामीले येशूको प्रेरणादायी उदाहरणको अनुसरण गर्नुपर्छ। "येशू आफैले परमसत्यको एउटै शब्दलाई दवाउनुभएन, तर उहाँले बोल्नुहुँदा जहिलै पनि मायालु मिजासले बोल्नुहुन्थ्यो। उहाँ कहिल्यै पनि रुखो र कठोर वा कटु बोलि बोल्नुभएन। उहाँले कहिल्यै पनि बेकारको चित्त दुःखने बोलि उच्चारण गर्नुभएन। संवेदनशील मानिसको भावनालाई उहाँले कहिल्यै पनि

चोट पुऱ्याउनुभएन। मानिसको कमी कम्जोरीलाई उहाँले औँल्याउनुभएन" -एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज*, पृ. ३५३बाट रूपान्तरित।

मानिस अमर छ, मरेपछि ऊ सिधै कि स्वर्ग कि नरकमा जान्छ भन्ने धारणा कतिपय मानिसहरूले बाइबलबाट देखाउँछन्। यस अध्यायमा त्यसबारे केही रोचक अंशहरू हेर्नेछौँ। ती अंशहरूलाई राम्रोसँग बुझेर हाम्रो आफ्नै शिक्षामा कसरी अडिग हुने भन्ने कुरामा बल पुऱ्याउन सक्छ, साथै ती निर्णयब अंशहरूलाई प्रयोग गरेर हामीसँग प्रतिवाद गर्नेहरूलाई कसरी मायालु स्वभावले जवाफ दिने भनेर पनि यस अध्यायमा हामी हेर्नेछौँ।

## १. धनी मानिस र लाजरसको अर्तिकथा

लूका १६:१९-३१मा येशूले भन्नुभएको धनी मानिस र गरिब लाजरसको कथा किन अझरस, वास्तविक वा मरेपछिको जीवनको यथार्थ चित्रण किन होइन? हेर्नुहोस्, "१९ "एक जना धनी मानिस थियो, जो बहुमूल्य वस्त्र र मिहीन मलमल लगाएर दिनहुँ मोजमज्जामा बस्तथ्यो। २० उसको ढोकामा लाजरस नाउँको एक जना गरीब मानिसलाई ल्याएर राखिदिन्थे। त्यो घावैघाउले भरिएको थियो। २१ त्यस धनी मानिसको टेबिलबाट झरेका टुक्राटाक्री खाएर लाजरसले आफ्नो पेट भर्ने इच्छा गर्थ्यो। कुकुरहरूले पनि आएर त्यसका घाउहरू चाट्थे। २२ "त्यो गरीब मानिस मऱ्यो, र स्वर्गदूतहरूले त्यसलाई लगेर अब्राहामको साथमा राखे। त्यो धनी मानिस पनि मऱ्यो र गाडियो। २३ नरकमा कठोर कष्ट भोगिरहेको बेला उसले नजर उठाएर हेऱ्यो र टाढ़ामा अब्राहाम र उनको साथमा लाजरसलाई देख्यो। २४ अनि उसले कराएर भन्यो, 'हे पिता अब्राहाम, ममाथि दया गरेर लाजरसलाई पठाइदिनुहोस्, र त्यसले आफ्नो औँलाको टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई शीतल पारिदेओस्, किनकि म यस ज्वालामा भयङ्कर वेदना पाइरहेछु।' २५ "तर अब्राहामले भने, 'छोरो, याद गर, तिमीले आफ्नो जीवनकालमा असलअसल कुराहरू भोग गऱ्यौ, र त्यसै गरी लाजरसले दुःखैदुःख भोग्यो। त्यो अब यहाँ आराममा छ, र तिमीचाहिँ कष्टमा छौ। २६ यी सबै कुराबाहेक यहाँबाट तिमीकहाँ पारि जान खोज्नेहरू जान नसकून् र त्यहाँबाट यहाँ हामीकहाँ वारि आउन पनि नसकून् भनेर हामीहरू र तिमीहरूका बीचमा एउटा अति गहिरो धाँदो छ।' २७ "उसले भन्यो, 'पिता, यसैकारण म तपाईंलाई बिन्ती गर्दछु, तपाईंले त्यसलाई मेरा बाबुको घरमा पठाइदिनुहोस्, २८ किनभने मेरा पाँच भाइ छन्, र त्यसले तिनीहरूलाई चेताउनी देओस्, नत्रता तिनीहरू पनि यस कष्टको ठाउँमा आउलान्।' २९ "तर अब्राहामले भने, 'तिनीहरूका साथमा मोशा र अगमवक्ताहरूका पुस्तक छन्। तिनीहरूले ती

**सुनून्।' ३० "तर उसले भन्यो, 'होइन, पिता अब्राहाम, मरेकाबाट कोही एक जना तिनीहरूकहाँ गयो भनेता तिनीहरूले प श्चात्ताप गर्नेछन्।' ३१ "उनले उसलाई भने, 'मोशा र अगमवक्ताहरूका कुरा तिनीहरूले सुन्दैनन् भने, मृतकहरूबाट कोही जीवित भए पनि तिनीहरूले विश्वास गर्नेछैनन्'।"**

कतिपय इसाई विद्वानहरूले अब्राहम र लाजरसको कथा अक्षरस वा वास्तविकै हो भनेर जिकिर गर्छन्। यस कथाले मानिस मरेपछि के हुन्छ भनेर सिकाउँछ भनेर कतिपयले सोच्दछन्। तर यो धारणालाई समर्थन गरियो भने हामीले हेरेका बाइबलका विभिन्न अंशहरूसँग बाझिन्छ र हामीले पनि बाइबलले नै नसिकाएको शिक्षा अङ्गाल्न पुग्छौं।

पहिलो कुरो त, स्वर्ग र नर्क यति नजिक छ कि स्वर्गमा रहेको जीवसँग नर्कमा रहेको मानिससँग कुराकानी गर्न सक्छन् भनेर विश्वास गर्नुपर्ने हुन्छ। हामीले यो पनि विश्वास गर्नुपर्ने हुन्छ कि जब मानिस मरेपछि चिहानमा हुन्छ तर उसको आत्माचाहिँ "आँखाहरू", "औंलाहरू", "जीब्रो" भएको र अझ तिर्खाउने सजिब भएर बसेका हुन्छन् भनेर पनि विश्वास गर्नुपर्ने हुन्छ (लूका १६:२३,२४)।

यदि यो कथा सत्य हो र मानिस मरेपछि सिधै स्वर्ग या नरकमा जान्छ भन्ने कुरामा हामी विश्वास गऱ्यौं भने स्वर्ग हाम्रो निम्ति आनन्द र खुशीको स्थान हुनेछैन, किनभने मुक्ति पाएकाहरूले मुक्ति नपाएका प्रियजनहरू आगोमा भतभति पोलिरहेको देख्नेछन् र तिनीहरूको बीचमा दुःखको कुरा गरिरहन सक्ने हुन्छन् (लूका १६:२३-३१)। आफ्नो जस्तोसुकै नराम्रो छोरा भएतापनि नर्कमा भतभति पोलिरहेको देख्दा के कुनै आमा स्वर्गमा रहेर खुशी मनाउन सक्छिन् र? यस सन्दर्भमा स्वर्गमा दुःख, पीडा, रोदन हुनेछैन भन्ने परमेश्वरको प्रतिज्ञा (प्रकाश २१:४) असम्भव रहेछ भनेर हामीले विश्वास गर्नुपर्ने हुन्छ।

बाइबलको पूरा शिक्षासँग तालमेल नभएको त्यस अब्राहम र लाजरसको अर्तिकथा दृष्टान्तको रूपमामात्र लिनुपर्छ र त्यहाँ भएको गतिविधि वास्तविक वा अक्षरसमा लिनुहुन्न भनेर धेरै बाइबलका आधुनिक विद्वानहरूले सिकाउँदछन्। एडभेन्टिस्ट विद्वानै नभएतापनि बाइबलको विद्वान जर्ज इ. लाडले हामीसँग तालमेल भएको धारणा यसरी राख्दछन्, "तत्कालिन यहूदीहरूको सोचमा आधारित यो अर्तिकथाले मानिस मरेपछि के हुन्छ भन्ने कुरामा केही सिकाउँदैन।"-"*इस्काटोलोजी," इन द न्यु टेस्टामेन्ट बाइबल डिक्सनेरी,* जे.डी. डगलसबाट सम्पादित, मिशिगन, ग्रान्ड रापिदः इसडामन्स, पृ.३८८बाट रूपान्तरित।

धनी मानिस र लाजरसको अर्तिकथाले असाध्यै राम्रो लुगा लगाएको धनी मानिस र घाउ नै घाउ भएको लाजरस नाउँको माग्नेको बीचमा कस्तो धेरै अन्तर छ भनेर देखाएको छ (लूका १६:१९,२०)। यस कथाले स्पष्टरूपमा यी ज्ञानहरू हामीलाई प्रस्तुत गर्दछन् (१) वर्तमान जीवनमा हुने सामाजिक प्रतिष्ठा, इज्जत, धनसम्पत्ति, कदर आदिले भविष्यको जीवन निर्धारण हुँदैन (२) यसै जीवनमा सबै मानिसको भविष्य निर्धारण भइसकेको हुन्छ र मरेपछि त्यस निर्धारणलाई फर्काउन सकिन्दैन (लूका १६:२५,२६)। **तर अब्राहमले भने रे, "'मोशा र अगमवक्ताहरूका कुरा तिनीहरूले सुन्दैनन् भने, मृतकहरूबाट कोही जीवित भए पनि तिनीहरूले विश्वास गर्नेछैनन्'।" लूका १६:३१। बाइबलको आधिकारिक ज्ञानलाई हामी कसरी व्याख्या गर्ने भनेर येशूको शक्तिशाली वचनहरूबाट हामीले के सन्देश सिक्नु पर्दछ?**

## २. "आजै... तिमी मसँग स्वर्गमा हुनेछौ"

मानिस अमर छ वा मरेपछि स्वर्ग जान्छ भन्ने प्रमाणित गर्न खोज्ने बाइबलका केही अंशहरूमा धेरै चलाएको अंश लूका २३:४३ हो जहाँ येशूले झुण्डिएको अपराधीलाई यो वचन दिनुभएको थियो कि "साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ।" केवल केही अनुवादहरूमा बाहेक बाइबलका सबै अनुवादहरूमा येशूको त्यो बोलि माथि लेखिएको जस्तै छ अर्थात् उहाँको त्यो बोलिले यो आभास दिन्छ कि क्रूसमा झुण्डयाएको दिनमै येशू र अपराधी सँगसँगै स्वर्गमा हुनेछ। यसरी अनुवाद गरिएकोमा हामी अचम्म मान्नुहुन्न किनकि बाइबल अनुवाद गर्ने ती बाइबलका विद्वानहरूले मानिस अमर छ भन्ने शिक्षामा विश्वास गर्दथे। के त्यो अनुवाद उपयुक्त अनुवाद हो त?

**पश्चाताप गरेको अपराधीलाई येशूले दिनुभएको लूका २३:४३सँग यूहन्ना २०:१७ र यूहन्ना १४:१-३सँग तुलना गर्नुहोस्। ती परिवेशमा येशूले मेरी मग्दलिनी र चेलाहरूलाई दिनुभएको उहाँको प्रतिज्ञावाट अपराधीलाई दिनुभएको वचनलाई कसरी हामी बुझ्नुपर्छ? हेर्नुहोस्, यूहन्ना २०:१७ "येशूले तिनलाई भन्नुभयो, "मलाई नछोऊ, किनभने म अहिलेसम्म पिताकहाँ गएको छैनँ। तर मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई भनिदेऊ, 'मेरा पिता र तिमीहरूका पिता, र मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ गइरहेछु'" र यूहन्ना १४:१-३ "१ "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति**

**ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।"**

क्रूसमा टाँगिएकै दिनमा येशू र अपराधी स्वर्गमा गए भन्ने भनाइले पुनरुत्थान भएपछि येशूले मेरी मग्दलिनीलाई भन्नुभएको वचनसँग बाझ्दछ। मरेको पर्सीपल्टमात्र बौरिनुभएको येशूले मेरी मग्दलिनीलाई भन्नुभएको थियो कि उहाँ स्वर्गमा आफ्नो पिताको घरमा जानुभएको थिएन (यूहन्ना २०:१७)। पश्चाताप गरेको अपराधी र येशू त्यही दिनमा स्वर्ग गए भन्ने गलत शिक्षाले चेलाहरूलाई येशूले दिनुभएको प्रतिज्ञासँग पनि बाझिन्छ। उहाँले भन्नुभएको थियो कि उहाँको दोस्रो आगमनमामात्र तिनीहरूलाई स्वर्गमा लैजानेछ (यूहन्ना १४:१-३)।

लूका २३:४३मा येशूले भन्नुभएको बोलीलाई लूकाले कसरी लेखेका थिए त्यसलाई बुझ्नु पर्दछ। विशेषण "आजै" (ग्रीकमा *सिमेरोन semeon*) "तिमी हुनेछौ" भन्ने शब्दहरूलाई "म भन्दछु" भन्ने भन्ने क्रियापद कसरी राखिएको छ त्यसले येशूको भनाइलाई फरक पार्दछ। बाइबलको विद्वान विलसन पारोशिले महसुस गर्दै भन्दछन् कि "व्याकरणको हिसाबले कुन ठिक हो भनेर निर्धारण गर्न असम्भव छ। यस खालको विशेषण क्रियापद उल्लेख गर्नभन्दा अघि राख्ने लूकाको लेखनशैली हो। २०वटामा १४वटामा यो सिमेरोन लूका र प्रेरितमा उल्लेख गरिएको छ।"-सिग्निफेकिन्स अभ कमाः आन आनालाइसिस अभ लूका २३:४३," मिनिस्त्री, जुन २०१३, पृ. ७बाट रूपान्तरित।

त्यसकारण, जब हामी लूका २३:४३ पढ्छौं वा लेख्छौं अर्धविरामलाई कहाँ राखिनुपर्ने हो त्यसालाई ध्यान दिएर पढ्नुपर्छ। दुवै लेखिने र बोल्ने शैलीमा हामीले लूका २३:४३ यो हुनुपर्दछ "साँच्चिक्कै म तिमीलाई आजै भन्दछु, तिमी मसँग स्वर्गमा हुनेछौ।" "तिमी मसंग स्वर्गमा हुनेछौ" भनेर येशूले कहिले भन्नुभयो त? त्यसै दिन अर्थात् "आजै।" अर्धबिराम वा कमा "आजै म तिमीलाई भन्दछु" पछि राख्नुपर्छ तर "म तिमीलाई भन्दछु, आजै तिमी मसँग हुनेछ" भनेर 'भन्दछु' को पछाडि होइन। छोटकरीमा भन्ने हो भने त्यस दिन वा बेला येशूले उसलाई प्रतिज्ञा गर्नुभएको थियो कि उसले मुक्ति पाउनेछ।

**पश्चाताप गरेको अपराधीको कथा पढ्नुहोस् (लूका २३:३९-४३), ऊ पापी थियो, येशूलाई दिनसक्ने कुरा उसँग केही थिएन, न उसले कुनै धर्मकर्म नै गरेका थिए, तैपनि येशूले उसलाई अनन्त जीवनको प्रतिज्ञा दिनुभएको थियो।**

विश्वासद्वारामात्रै मुक्ति पाइन्छ भन्ने यस प्रभावकारी महान सत्यलाई त्यस कथाले कसरी प्रकट गर्दछ? कुनै कुनै तरिकाले हामी त्यो अपराधी जस्तो किन छौं? के कुरामा हामी फरक छौं?

## ३. छुटिएर जाने र ख्रीष्टसँग रहने

पावल कहिले येशूकहाँ जाने र उहाँसँग रहने अपेक्षा गरेका थिए? हेर्नुहोस्, "२१मेरो निम्ति जिउनु ख्रीष्ट हो, र मर्नु लाभ हो। २२ यदि शरीरमा नै जिउनु हो भने मेरो निम्ति त्यो फलदायी परिश्रम हुनेछ। तर पनि मैले कुनचाहिँ चुन्नुपर्ने हो, त्यो म भन्न सक्दिनँ। २३ म त दोधारमा परेको छु। बरु बिदा भएर ख्रीष्टको साथमा हुने इच्छा छ, किनभने यो धेरै नै असल छ, २४ तर शरीरमा रहन तिमीहरूका खातिर झन् आवश्यक छ।" फिलिप्पी १:२१-२४ र "हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं।" १ थेस्सोलिनिकी ४:१७।

उहाँको दोस्रो आगमनपछि येशूमा रहन (२ कोरन्थी ५:१७) र उहाँसँग रहन (१ थेस्सोलिनिकी ४:१७) पावलको तिब्र इच्छा थियो। प्रेरितको निम्ति मुक्तिदाता र प्रभुमा भएको आशलाई मृत्युले पनि तोड्न सक्दैनथ्यो। खुलेआमरूपमा रोमीको पुस्तकमा पावलले यसरी लेखेका थिए, "किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन।"रोमी ८:३८-३९ र "हामी कोही पनि आफ्नै निम्ति बाँच्दैनौं र कोही पनि आफ्नै निम्ति मर्दैनौं। यदि हामी बाँच्छौं भने प्रभुकै निम्ति बाँच्छौं, र मर्छौं भने प्रभुकै निम्ति मर्छौं। ९ चाहे हामी बाँचौं, चाहे मरौं, हामी प्रभुकै हौं। यसैको निम्ति ख्रीष्ट मर्नुभयो र फेरि जीवित हुनुभयो, कि उहाँ मरेकाहरू र जीवितहरू दुवैका प्रभु होऊन्।" रोमी १४:७-९।

यही कुरालाई दिमागमा राखेर ख्रीष्टमा मरेकाहरूको बारेमा (१ थेस्सोलिनिकी ४:१४) पावलले बोलेका थिए। तिनीहरू येशूको दोस्रो आगमनमा अनन्त जीवन पाउन पुनरुत्थान हुनेछन् भनेर ठोकुवा गरेका थिए (१ थेस्सोलिनकी ४:१३-१८, १ कोरन्थी १५:१६-१८)।

जब आफू छुटेर येशूसँग रहने (फिलिप्पी १:२३) चाहना पावलले उल्लेख गर्दा के उनी मरेलगत्तै सचेत अवस्थामा येशूसँग रहने धारणा व्यक्त

गरेका थिए कि? अहँ, पावलले व्यक्त गरेका भावनामा "यस दुःखद संसार छोडेर ख्रीष्टसँग रहने उनको प्रवल इच्छा थियो। उनको मृत्यु र येशूको दोस्रो आगमनको बीचमा हुने समयको अन्तरालको बारेमा उनले उल्लेख गरेका छैनन्। अहिले नै मरेपछि पावल स्वर्गमा जानेछन् भनेर त्यस पदमा भनिएको छैन। येशूको दोस्रो आगमनबिना उनले पाउने इनाम पाउनेछैन भन्ने मामिलामा पावल स्पष्ट थियो (२ तिमोथी ४:८)।

छोटकरीमा पावलले यो भन्न खोजिरहेका थिए कि "उनी मरेपछि अर्को कुरा उनलाई यो थाहा हुनेछ कि येशू बादलमा मरेकाहरूको पुनरुत्थान गर्न बादलबाट आउनुहुनेछ र उनी प्रभुसँग रहनेछन् (१ थेस्सोलिनिकी ४:१७)।यो हामीले थाहा पाउनुपर्दछ कि त्यसबेला बाइबलका लेखकहरूले दुई घट्नाहरू-मृत्यु र पुनरुत्थान-एकै पल्ट उल्लेख गर्दा लामो समयले अलग गरिएको अवधिलाई ख्याल राख्न जरुरी नभएको तिनीहरूले देखेका थिए।" -*आन्ड्रयुज स्टडी बाइबल,* पृ.१५५५को फिलिप्पीहरूलाई१:२३को टिप्पणीबाट रूपान्तरित।

तर जिउनुभन्दा मर्नु फाइदा छ भनेर पावलले किन भने त? किनभने सबै दुःखकष्टबाट उनले अन्तमा विश्राम पाउनेछन्, उनले शारीरीक कष्ट भोग्नुपर्नेछैन भन्ने इच्छा उनले प्रकट गरेका थिए। उनको मृत्युपछि, येशूको आगमनपछिको पुनरुत्थानमा उनको यो निश्चय थियो कि उनले धार्मिकताको मुकुट पाउनेछन् (२ तिमोथी ४:६-८)। विश्वासीहरूको निम्ति उनी मर्न चाहेको थिएनन्, यद्यपि उनको मृत्युपछि के हुनेछ सो उनलाई थाहा थियो।

**विशेष गरेर कठिन परिस्थितिमा मर्नु नै कस्तो राम्रो छ अनि अर्को पलमा ख्रीष्टसँग रहने इच्छा कसले व्यक्त गर्दैनन होला? यस सोचले पावलले फिलिप्पीहरूलाई सम्बोधन गरेको कुरालाई हामीले कसरी बुझ्न सक्छौं?**

## ४. कैदमा परेका आत्माहरूलाई गरिएको प्रचार

**झट्ट हेर्दा हामीलाई अप्ठ्यारो पर्ने पद १ पत्रुस ३:१३-२० पनि हो। यहाँ येशूले "नोहाका दिनहरूमा कैदमा परेका आत्माहरूलाई प्रचार गर्नुभएको थियो" भनेर उल्लेख गरिएको छ। उहाँले कसरी तिनीहरूलाई प्रचार गर्नुभयो त? हेर्नुहोस्, "१३ यदि तिमीहरू भलाइको निम्ति उत्साहित छौ भने, तिमीहरूको हानि गर्ने को हुन्छ र? १४ तर धार्मिकताको खातिर दुःख भोग्नैपरे तापनि तिमीहरू धन्यका हौ। तिनीहरूका धम्कीको डर नमान, र भयभीत नहोओ। १५**

**तर ख्रीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर। तिमीहरूमा भएका आशाको विषय कसैले सोधपूछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर। १६ तिमीहरूका विवेक शुद्ध राख, ताकि तिमीहरूको विरोधमा बोल्ने र ख्रीष्टमा तिमीहरूका चालचलनको निन्दा गर्नेहरू लज्जित होऊन्। १७ यदि परमेश्‍वरको यस्तै इच्छा छ भने, खराबी गरेर दुःख भोग्नुभन्दा भलाइ गरेर दुःख भोग्नु नै असल हो। १८ किनभने हामीलाई परमेश्‍वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि मर्नुभयो। उहाँ शरीरमा मारिनुभयो– धर्मी जन अधर्मीहरूका निम्ति—तर आत्माद्वारा जीवित पारिनुभयो। १९ यसै आत्मामा उहाँ जानुभयो र कैदमा परेका आत्माहरूलाई पनि प्रचार गर्नुभयो।२० ती आत्माहरूले प्राचीनकालमा आज्ञापालन गरेनन्, जब नोआको समयमा जहाज बनाउँदा परमेश्‍वरले धैर्य धारण गरी पर्खिनुभएको थियो। त्यस जहाजमा थोरै, अर्थात् आठ जना मात्र पानीद्वारा बचाइए।" १ पत्रुस ३:१३-१९।**

मानिस अमर छ र ऊ मरेपनि उसको आत्मा जीवितै रहन्छ भनेर विश्‍वास गर्ने कतिपय बाइबलका विद्वानहरूले यो विश्‍वास सिकाउँदछन् कि जब येशू मर्नुभयो तब उहाँ चिहानमै हुँदा कैदमा परेका आत्माहरूलाई प्रचार गर्नुभएको थियो। तिनीहरूले सिकाउन खोजेको शिक्षा यो हो: येशूको शरीरबिनाको आत्मा जलप्रलयभन्दा अघि मरेकाहरूका आत्माहरूलाई प्रचार गर्न नर्कमा जानुभयो।

तर यो रोचक शिक्षा बाइबलले सहमत जनाउँदैन। येशूको आत्माले किन तिनीहरूको आत्मालाई प्रचार गर्न जानुभयो त? तिनीहरूले मुक्ति पाओस् भनेर होइन र? तर हिब्रू ९:२७,२८मा मरेकाहरूले मुक्ति पाउने दोस्रो अवसर पाउनेछैनन् भनेर उल्लेख गरिएको छ। तब मुक्ति पाउने अवसर नभएकाहरूले येशूले किन प्रचार गर्न जानुभयो त?

अर्को, मानिस मरेपछि अन्तिम पुनरुत्थान हुँदैन र ऊ अचेत अवस्थामा रहनेछ भन्ने बाइबलको शिक्षाको (अय्यूब १४:१०-१२, भजन १४६:४, उपदेशक ९:५,१०, १ कोरन्थी १५:१६-१८, १ थेस्सोलिनिकी ४:१३-१५) विपरित त्यो धारणा छ।

फेरि, यदि येशूको शरीर चिहानमा हुँदाहुँदै उहाँको आत्माले जलप्रलयभन्दा अघिका दुष्टहरूलाईमात्र किन प्रचार गर्नुभयो? के त्यहाँ अरू मुक्ति नपाएकाहरू

पनि तिनीहरूसँग नर्कमा जलिरहेका छैनन् र? किन जलप्रलयभन्दा अघिका मानिसहरूलेमात्र सुन्ने गरेर उहाँले प्रचार गर्नुभयो?

नोहाको दिनमा परमेश्वरको आज्ञा नमान्ने पतित स्वर्गदूतहरूलाई येशूले प्रचार गर्नुभयो भन्ने धारणा आफै पनि अर्थहिन छ। कैदमा परेका दुष्ट स्वर्गदूतहरू वा आत्माहरू पहिलामात्र होइन (१ पत्रुस ३:१९,२०), अहिले पनि दुष्ट नै छन् र परमेश्वरको आज्ञा मान्दैनन् (एफिसी ६:१२, १ पत्रुस ५:८)। अझ, "आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्यागने स्वर्गदूतहरूलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ।" यहूदा ६। तिनीहरूले मुक्ति पाउने दोस्रो अवसर पाउनेछैनन्।

१ पत्रुस ३:१९मा उल्लेख गरिएको कैदमा परेका आत्माहरू नोहाको दिनमा जलप्रलय हुनुभन्दा अघिका आज्ञा नमान्ने मानिसहरूसँग परिचित गराइएको छ। यो आत्मा (ग्रीक भाषामा निमुना pneuma) यस पद र नयाँ करारमा अन्त प्रयोग गरिएको (१ कोरन्थी १६:१८, गलाती ६:१८) अर्थमा जीवित मानिसहरू हुन् जसले सुसमाचारको निमन्त्रणालाई सुन्न सक्छन् र ग्रहण गर्न सक्छन्। कैदमा परेका भन्नुको अर्थ भौतिक झ्यालखाना नभए पापको कैदमा परेकाहरू हुन्। तिनीहरूको स्वभाव परमेश्वरको आज्ञा र नीतिहरूमा चल्न नचाहनेहरू हुन् (रोमी ६:१-२३, रोमी ७:७-२५)।

जलप्रलयभन्दा अघि रहेका हठी र अभिमानी मानिसहरूलाई ख्रीष्टले नोहाद्वारा प्रचार गर्नुभएको थियो। परमेश्वरले नै तिनीहरूलाई प्रचार गर्न नोहालाई अऱ्हाउनुभएको थियो (हिब्रू ११:७)। नोहाका समकालिनहरूको निम्ति उनी धार्मिकताको प्रचारक भएका थिए (२ पत्रुस २:५)। परमेश्वरमाथि निष्ठावान, आस्थावान हुनु भनेको के हो त्यस सन्दर्भमा पत्रुसले लेखेका थिए। मानिस मरेपछि के हुनेछ भनेर पत्रुसले व्याख्या गर्न खोजेका थिएनन्।

## ५. परमेश्वरको सिंहासनमुनि भएका आत्माहरू

**मरेका शहीदहरू बेदीमुनी कसरी कराइरहन्छन्? हेर्नुहोस्, "९ जब उहाँले पाँचौं मोहोर तोड्नुभयो, तब वेदीमुन्तिर मैले तिनीहरूका आत्माहरू देखें, जो परमेश्वरका वचनको निम्ति र तिनीहरूले दिएका गवाहीको कारण मारिएका थिए। १० अनि तिनीहरूले यसो भनेर चर्को सोरले कराए, "हे सर्वशक्तिमान् पवित्र र सत्य प्रभु, अझै कहिलेसम्म तपाईंले पृथ्वीमा रहनेहरूको इन्साफ**

**गर्नुहुन्न र हाम्रो रगतको बदला लिनुहुन्न?" ११ तिनीहरू प्रत्येकलाई एउटा सेतो पोशाक दिइयो, र तिनीहरूका सहकर्मी र भाइहरू पनि तिनीहरूजस्तै मारिएर संख्यामा पूरा नभएसम्म केही बेर विश्राम गर्नू भनी तिनीहरूलाई भनियो।" प्रकाश ६:११।**

संसारको अन्त्यमा हुने सर्वसंहारको घट्नालाई बन्द गरिराखेको पाँचौं लालमोहर खोल्दा त्यहाँ असाधारण दृश्य देखिएको थियो। येशूको निम्ति मारिनेहरूको प्रतिकको रूपमा भएका आत्माहरू बेदीमुनि तिनीहरूका शत्रुहरूको बदला लिन चिच्च्याइरहेका थिए। बाइबलका कुनै कुनै टिप्पणीकारहरूले बेदी भनेको सातौं लालमोहरमा उल्लेख गरिएको धुपको बेदी भनेर उल्लेख गरेका छन् (प्रकाश ८:१-६)। तर प्रकाश ६:९-११मा धुपको सट्टा रगत भनेकोले बलिदिने बेदीलाई जनाउँछ, जहाँ बलि दिएका रगतहरू खन्याइन्थ्यो (लेबी ४:१८,३०,३४)। पौराणिक इस्राएलमा जब पशुहरूलाई मारिन्थ्यो तब तिनीहरूको रगत बेदीको वरिपरि छर्किन्थ्यो। त्यसरी नै शहीदहरूको रगत परमेश्वरको बेदीमा प्रतिकको रूपमा छर्किन्थ्यो। तिनीहरू परमेश्वरको वचन र येशूको गवाहीप्रति निष्ठावान भएकोले तिनीहरूले ज्यान गुमाएका थिए (प्रकाश ६:९, प्रकाश १२:१७, प्रकाश १४:१२)।

बेदीको मुनि रहेका आत्माहरू पनि प्रतिककै रूपभएको मान्नुपर्दछ। यदि अझरस वा वास्तविकरूपमै भन्नुपर्दा शहीदहरू स्वर्गमा खुशी भएको देखिन्दैन, किनभने तिनीहरू बदलाको निम्ति अझ पुकार गरिरहेका थिए। मुक्तिको इनाम पाएर स्वर्गमा तिनीहरू रमाइरहेको भन्ने सन्देश त्यसले दिँदैन। प्रतिशोधको भावनाले हामी ग्रसित भयौं भने हाम्रो जीवन दुःखदायी बनाउँछ। त्यतिमात्र नभएर त्यसले हाम्रो  मृत्युलाई पनि निम्त्याउँछ।

फेरि यो पनि बुझ्नु जरुरी छ कि स्वर्गको वास्तविबक दृश्यलाई यूहन्नाले देखेका थिएनन्। "त्यहाँ सेतो, कालो, रातो, प्याजी रङ्गका घोडाहरू स्वर्गमा छैनन् न त युद्धको निम्ति घोडचडीहरू। त्यहाँ खुकुरीले काटेर रक्ताम्य भएर घाइट भएका येशूरूपि थुमा पनि वास्तविकरूपमा छैन। चारवटा पखेटा भएका वास्तविक पशुहरू पनि त्यहाँ छैनन्। त्यसरी नै बेदीमुनि आत्माहरू लडिरहेको पनि छैन। ती सबै दृश्यहरू प्रतिकको रूपमा बुझाउन चित्रण गरेका थिए।"-द एसडिए बाइबल कमेन्टरी, ठेली ७, पृ.७७८बाट रूपान्तरित।

गैर एडभेन्टिस्ट बाइबलको विद्वान जो एडभेन्टिस्टले जस्तै बोलेका थिए, जर्ज इ. लाडले लेखेका थिए, "बर्तमान परिस्थितिमा (प्रकाश ६:९-११), त्यहाँ उल्लेख गरिएको बेदी बलिको बेदी थियो जहाँ बलिदिएका पशुहरूको रगत पोखाइन्थ्यो। शहीदहरूका आत्माहरूलाई यूहन्नाले देखे भन्नुको अर्थमा मानिस मरेपछि के हुन्छ त्यसको अवस्था उनले व्याख्या गर्न खोजेका थिएनन्। मरेकाहरू त अहिले सुतिरहेकाछन्। ख्रीष्टको निम्ति तिनीहरू मारिएका थिए भनेर जल्दोबल्दोरूपमा यूहन्नाले चित्रण गर्न खोजेका थिए।"-*अ कमेन्टरी अन द रिभेलेशन अभ जोन,* ग्रान्ड रापिड, मिशिगन, इरडमानस्, १९७२, पृ. १०३बाट रूपान्तरित।

**अन्यायपूर्वक दविएकाहरूमा कसले यो पुकार गर्दैनन् कि न्याय होस्? तर एक दिन न्याय हुनेछ भनेर हामीले विश्वासद्वारा किन पर्खिरहनुपर्दछ? यस संसारमा न्याय कहाँ छ त? तर समय आउँदैछ जब परमेश्वरले उचित न्याय गर्नुहुनेछ। यस अचम्मको प्रतिज्ञामा हामी कसरी सान्त्वना पाउने?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटः क्राइस्ट अवजेक्ट लेसनस्, २६०-२७१को "अ ग्रेट गल्फ फिक्स्द," द डिजाएर अभ एजेज, पृ. ७४९-७५२को "कलभरी," र फन्डामेन्टल्स अभ क्रिश्चियन एजुकेशन, पृ. ५०४को "टिचर्स आज इक्जाम्पल्स अभ क्रिश्चियन इन्टग्रीटी।"**

"धनी मानिस र लाजरसको अर्तीकथाले मानिसहरूको अनन्तको भविष्य यही जीवनमा आफैले निर्धारण गर्छन् भनेर येशूले देखाउनुभएको छ। परमेश्वरले यो युगलाई समाप्त गर्नुभन्दा पहिले उहाँको अनुग्रह सबैलाई प्रदान गर्नुभएको छ। तर आफ्नै स्वार्थमा लटपटिएर मानिसहरूले पाएका अवसरहरूलाई खेर फाल्छन् भने, तिनीहरू अनन्त जीवनबाट आफैलाई बंचित गराउँछन्। यो युग समाप्त भएपछि वा परमेश्वरले दिनुभएको समय सिद्धिएपछि अनन्त जीवनलाई अङ्गाल्न तिनीहरूलाई थप समय दिइनेछैन। तिनीहरूले आफ्नै आत्मनिर्णयले परमेश्वर र तिनीहरूको बीचमा पूर्णै नसक्ने ठूलो खाल्डो निर्माण गरेको हुन्छ।"-एलेन जी ह्वाइट, *क्राइस्ट अवजेक्ट लेसनस्,* पृ. २६०बाट रूपान्तरित।

"जब सुरुका इसाईहरू पहाड र मरुभूमिहरूमा निर्वासित जीवन बिताउनु परेका थिए, जब तिनीहरू कालकोठरी झ्यालखानमा भोक, शोक,

चिसो र यातना भोगेर मर्नुपरेका थिए, जब तिनीहरूको आततायी परिस्थितिबाट जोगिन केवल शहीद हुनमात्र बाटो तिनीहरूले देखेका थिए तब तिनीहरू येशूको निम्ति सास्ती भोग्न योग्य भएकोले आनन्द भएका थिए, किनकि तिनीहरूको निम्ति येशू क्रुसमा टाँगिनुभएको थियो। जब परमेश्वरका जनहरूले कहिल्यै नभएको सङ्कटको सामना गर्नुपर्ने समय आउँछ, तब ती सहीदहरूको अनुकरणीय उदाहरणबाट ती जनहरूले सान्त्वना र हौशला पाउनेछन्।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ५, पृ. २१३बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ.** **यस अध्यायमा मानिसको स्वभावको बारेमा बाइबलको दृष्टिकोणलाई अझ कति राम्रोसँग बुझाउन सहायता गर्दछ?**

**आ.** **इसाई शहीदहरूको सम्झौता नगरिने धर्म र अहिलेका इसाईहरूको बीचमा भएको लचकदार धर्मको बीचमा के अन्तर छ सो बिचारबिमर्स गर्नुहोस्। अर्थात् के को निम्ति मर्न योग्य छ? अर्थात् सबै सत्यहरू सांस्कृतिक, परम्परा र अरूहरूले जे भन्यो त्यसैमा आधारित छ भने के ती सत्यहरूको निम्ति कोही मर्न रुचाउँछ वा तयार हुन्छ त? फेरि हामीलाई थाहा भएको गलत शिक्षा वा अतिवादी धर्मको निम्ति मर्न चाहनेहरूबाट हामी के सिक्न सक्छौं?**

**इ.** **धनी मानिस र लाजरसको अर्तिकथाको बारेमा अझ सोच्नुहोस्। जब येशू मृत्युबाट बौरि उठ्नुभयो तब धेरैले उहाँलाई विश्वास गरेका थिए। तर, कतिलाई त्यही प्रमाण भएतापनि तिनीहरूले विश्वास गरेका थिएनन्। परमसत्यबाट मानिसहरूको हृदय कस्तो कठोर हुनेरहेछ भनेर त्यसले हामीलाई कसरी सिकाउँदछ? यस्तै खालको कठोर हृदयबाट जोगिन हामीले के गर्नुपर्दछ?**

**ई.** **मरेकाहरू जीवित हुने समयको बारेमा येशूले चर्चा गर्नुभएको थियो: "यसमा अचम्म नमान, किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन्, र बाहिर निस्किआउनेछन्: सुकर्म गर्नेहरू जीवनको पुनरुत्थानको निम्ति, र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरुत्थानको निम्ति।" यूहन्ना ५:२९। ती दुवै घट्नाहरूको अन्तराल हजारौं वर्ष छ, झट्ट हेर्दा एउटै समयमा भएको देखिन्छ। यसले हामीलाई पावलले फिलिप्पी १:२३मा व्यक्त गरेको भावनालाई कसरी बुझाउन मद्दत गर्दछ?**

# कथा ९
## नाविक घरमा फर्किन्छ बारी
## टुभालु



साउथ पासिफिक समुद्रको बीचमा सानो टापु छ। त्यहाँ बारीले उनको फुफुले हरेक साबथ सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा लान्थी। तर आइतबार बारीको बुबा र आमाले अर्कै चर्चमा लान्थे।

अस्ट्रेलिया र अमेरिकाको हवाई राज्यको बीचमा नौवटा साना साना टापुहरू भएको सानो राष्ट्र टुभालु छ। ती टापुहरूमा जम्मा ११००० जनसंख्या छ। ती नोवटा टापुहरू २६ किलोमिटरको दायरा भित्र छन्।

आमाका छोराछोरीहरूलाई तिनीहरूको फुफुले हुर्काउन टुभालोको चलन छ। त्यसकारण बारी जन्मिन्दा उसको फुफु पिनाले लगेर हुर्काएको थियो। पिनाले बारीलाई धेरै माया गर्थिन्। उनले बारीलाई आफ्नै छोरा जस्तो गरेर माया गर्थिन्। हरेक साबथ उनले बारीलाई न्युटाव सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा लान्थिन्। न्युटाव टापुमा केवल एडभेन्टिस्ट चर्च छ।

बारी साबथमा चर्च गएकोले उनलाई केही समस्या थिएन। उनी उनकी बहिनी जस्तै आफू पनि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएकी थिइन्। तर उनको श्रीमान अर्कै चर्चको सदस्य थिए। जब साबथमा बारीको फुफुले उसलाई एडभेन्टिस्ट चर्चमा लग्थिन् भने आइतबार उसका बुबा र आमाहरूले अर्को चर्चमा लान्थे।

जब बारी जवान भयो तब जहाज चलाउने स्कूलमा भर्ना भएर नाविक हुन निर्णय गऱ्यो। टुभालो राष्ट्र समुद्रले घेरिएको हुनाले त्यहाँका धेरै मानिसहरू नाविकको काम गर्छन्। त्यसकारण, बारीले नाविकको काम पाएपछि आफूले कमाएको पैसा बाबुआमालाई सहायता गर्न घर पठाउँथ्यो। उसले विवाह गरेपछि पनि नाविकै भएर काम गर्नेमा निरन्तरता दिएको थियो र अब पैसा उनको श्रीमती र उनका चार जना छोराछोरीहरूको निम्ति पठाएको थियो।

बारी दुई चर्चहरूमा हुर्किएकोले परमेश्वरको बारेमा ऊ अलमल भएको थियो। उसकी श्रीमती पनि उसकै बाबुआमा जस्तै आइतबार चर्चमा जान्थिन्। बारीको नाविक जीवनले गर्दा ऊ चर्चबाट टाढा हुन थाल्यो र चर्चमै जान रोक्यो। त्यसले गर्दा उसको जीवन भद्रगोल हुन थाल्यो। उसले चुरोट र रक्सी खान थाल्यो। टुभालुको राजधानी फलफुटीमा रहेको आफ्नो घरमा

फर्किने बेलामा बारी तीनवटा मोटरसाइकल दुर्घट्नामा परेको थियो। उसको मादक पदार्थी पिउने बानीले गर्दा दुर्घट्नामा परेको थियो। प्रत्येक पल्ट दुर्घट्नामा पर्दा रगताम्य र अचेत अवस्थामा उसलाई अस्पतालमा लगिन्थ्यो। त्यस राजधानीमा केवल एउटामात्र अस्पताल थियो।

आफ्नो परिवारसँग रहन पनि उसले मन पराउन छोडेको थियो। उनकी श्रीमती टावफना टुभालो सरकारको कर्मचारी थिइन्। उनी पनि आफ्नो श्रीमानसँग रहन त्यस्तो रमाइलो मानेकी थिइनन्। तिनीहरूका चार जना छोराछोरीहरूको लागि पनि घर रमाइलो भएको थिएन। परिवारले कमै प्रार्थना गर्थ्यो।

एक दिन तिनीहरूको १४ वर्षीकी ठूलो छोरी लियना घाँटीमा गाँठो भएको कारण अर्कै छिमेकी देश फिजीको अस्पतालमा लानु पर्‍यो र उनलाई आपतकालिन उपचार गर्नु परेको थियो। बारी र उनकी श्रीमतीले आफ्ना छोरीलाई साढे दुई घन्टा हवाइ जहाजमा उडाएर लानु परेका थियो।

अस्पतालमा हुँदा धेरै वर्षपछि पहिलो पल्ट बारीले परमेश्वरको बारेमा सोच्न थाल्यो। आफू सानो हुँदा उसको फुफुले उसलाई सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा लगेको उसले सम्झ्यो। उसले प्रार्थना गर्न थाल्यो। लियना निको भइन्।

टुभालोमा फर्केपछि उसले नाविक हुने काम छोड्यो। उसको जीवनलाई बिगार्ने खराब साथीहरूको प्रभावबाट ऊ टाढा हुन चाहेको थियो। उसले परमेश्वरसँग नयाँ जीवन बिताउन चाहेको थयो। प्रत्येक साबथ अपरान्ह बारी, उनकी श्रीमती र छोरी लियना एडभेन्टिस्ट चर्चमा बाइबल अध्ययन गर्न सुरु गरे। साबथ बिहान बारी र परिवारसहित चर्चमा परमेश्वरको आराधना गर्न थाले। जब तिनीहरूले चर्चको सेवाकार्यक्रममा भाग लिए तब तिनीहरूले बाइबलप्रति चासो देखाउन थाले र चर्चको क्रियाकलापमा तिनीहरू सरिक हुन थाल्यो।

२०२१मा बारी आफ्नी श्रीमती र ठूली छोरी सहित एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए। बारी र लियना फनाफुटी सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा अप्रिल महिनामा बप्तिस्मा लिए। दुई महिनापछि जुनमा बारीकी श्रीमती टावफुवाले बप्तिस्मा लिइन्।

आज त्यो घरमा खुशियाली र आनन्त छ। परिवारमा नियमितरूपमा प्रार्थना सङ्गति हुन्छ। अब पहिला घरदेखि दिक्क मानेका चार जना छोराछोरीहरू घर रमाइलो भएको थियो। टावफुवा आफ्नो श्रीमानसँग रहन खुशी भएकी छिन्। र बारीले पनि घरमा परिवारसँग रहन पाउँदा खुशी छ।

-भागोना साटुपा